# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं बैठक

# (पच्चिसौं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०३।०५ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको बाँकी सामान्य छलफल प्रारम्भ हुन्छ ।

उक्त छलफलमा बोल्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम, म माननीय श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री मनबहादुर गुरुङ ।

## माननीय गायत्री गुरुङ

माननीय सभामुखज्यू, असार १ गते हाम्रो आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङले प्रस्तुत गर्नुभएको हामी बजेट वक्तव्यको छलफलको क्रममा छौं । हामीले यो छलफलको क्रम ३ गतेबाट सुरु गरेका छौं र ३ गतेबाट आज ५ गते हुँदा खेरि

हामी अस्तिबाट छलफलकै क्रममा छौं र माननीय सदस्यहरुले आफ्नो धारणा राखिराख्न भएको छ । यो धारणा राख्दै गर्दा मैले सुनिरहँदा मैले एउटा अनुभूति पनि गरे यो बीचमा । मलाई लाग्छ, हामीले यो सदनमा आफ्नो मतहरु राखिरहँदा खेरि यो सेतो सर्टलाई हामीले सेतो सर्ट हो भनेर भन्न सकिराखेका छैनौ । यो सेतो सर्टलाई हामीले कालो सर्ट भनिराखेका छौं । अझ मिलाएर भन्दा खेरि कसै कसैलाई सेतो सर्टै होइन र सोध्दा खेरि खै त मैले आज चस्मा ल्याएको छैन, सेतो जस्तो पनि लाग्छ, कालो जस्तो पनि लाग्छ भन्ने खालको अलि मिलाएको उत्तरहरु पनि हामीले पाउने गरेका छौ । यसरी हेर्दाखेरि हामीले आफ्नो धर्मलाई निभाइरहँदा खेरि केही माननीय ज्यूहरुले यो बजेट वक्तव्यलाई एउटा परम्परावादी छ भनेर पनि भन्नुभयो र मलाई के लाग्यो भने हामीले यो बजेटलाई परम्परावादी भनिरहँदा खेरि हामीले हाम्रो धर्म निभाउँदा खेरि सायद हामी आफै परम्परावादी त भएका छैनौं ? भन्ने मलाई अनुभूति भएको छ । यसरी हेर्दा खेरि हामी हाम्रो धर्म निभाउने सन्दर्भमा हामी परम्परावादी दृष्टिकोणले हेर्‍यौं भने मलाई लाग्छ, यो बजेटलाई हामीले सही ढंगले सक्छौ कि सक्दैनौ ? जनताले हामीलाई इमानदार भन्लान् त ? साँच्चै जनताले यो माननीय सही कुरा राखेको छ भनेर भन्ला त ? भन्ला मलाई लागेको छैन । यसकारणले गर्दा खेरि हामी यो प्रदेशलाई एउटा समृद्ध प्रदेश बनाउन चाहन्छौ भने मलाई लाग्छ इमानदारीपूर्वक यस्तो छलफल गर्न पर्छ जस्तो मलाई लाग्छ । जटिल परिस्थिति छ । आज हामी माथि नदीपुरबाट सरेर यो सभागृहमा हाम्रो सदन चलाइराखेका छौ । टोलमा जाने हो भने त्यो टोलमा जान हुन्न भाइ, यहाँ त कोरोना लाग्छ भनेर छलफल गर्छन् आज भोलि । दिदी आज कतिजना पुग्यो कोरोनाको कोइसनहरु आज चारैतिर कोरोनाको महामारी त्रासदी त्यस्तो खालको बढी राखेको सन्दर्भमा मलाई लाग्छ, यो जटिल परिस्थितिमा मेहनतका साथ बजेट वक्तव्य आएको छ । यसको लागि माननीय मन्त्रीज्यूलाई म हृदयदेखि धन्यवाद दिन चाहन्छु र यो बजेटको शुभकामना पनि दिन चाहन्छु ।

यो बजेट वक्तव्यले मलाई लाग्छ, आफ्नो अहिलेसम्मको उपलब्धिहरुलाई संस्थागत गरेको छ, यो उपलब्धि सहित आएको छ र यसले आफ्नो एउटा उद्देश्य पनि लिएको छ र उद्देश्य सहित पनि यो बजेट आएको छ । खास गरी यसले कोभिड-१९ लाई केन्द्रित गरेर यहाँको जनतालाई कसरी बचाउने भन्ने कुराहरु यो बजेटले एउटा उद्देश्य राखेको

छ। यसै गरी चलायमान र गतिशील अर्थतन्त्र कसरी बनाउने ? समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माणमा आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्ने कुराहरु पनि यो बजेट वक्तव्यमा आएको छ र यो भौतिक पूर्वाधारलाई पनि जोड दिइएको छ र जसमा संघीय शासन प्रणालीलाई मजबुद बनाउन यसले एउटा लिएको छ र त्यो उद्देश्य पूरा गर्नको निम्ति एउटा प्राथमिकता पनि तोकेर यो बजेट वक्तव्य आएको छ । खास गरी बजेट वक्तव्य यो कोरोना रोगको यो रोकथाम र यो असर न्युनीकरणको निम्ति केन्द्रित भएर आइराखेको छ । यसमा धेरै कुराहरु समेटिएका छन् ।

कोभिड-१९ का कारणले यो प्रदेशमा रहेका जति पनि विरामीहरुलाई हामीले कसरी उपचार गर्ने ? कसरी रोकथाम गर्ने ? कसरी नियन्त्रण गर्ने भन्ने सन्दर्भमा जति पनि प्रदेश सरकारले एउटा व्यवस्थापन गर्न सक्छ, त्यो हिसाबले यो कोभिड-१९ को लागि २ अरब, ९१ करोड, ७६ लाख यो विनियोजित भाको छ र यो एकदम सिर्जनशील हिसाबले अहिलेको यो बस्तुगत स्थितिलाई ठिक ढंगले मूल्यांकन गरेर यो बजेट वक्तव्य आएको छ र यसरी यो हामीले यसो भनिरहँदा हामीसँग ३ तहको सरकार पनि यो रहेको हुनाले अझ हामी यो बजेट वक्तव्यले अझ थप यो व्यवस्थित गर्न अझ थप गर्ने छ भन्ने कुरा म राख्न चाहन्छु ।

स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, सामाजिक सुरक्षा श्रम तथा रोजगारी युवा तथा खेलकुद र संस्कृति, खेलकुद, जनजाति, बहुसांस्कृतिक ग्राम, जाति भाषा, कला, साहित्य, विकास महिलाहरुको आर्थिक सामाजिक र सांस्कृतिक सशक्तिकरण तथा लैंगिक समानता तथा हिंसा पीडित महिला, एकल महिलाको लागि पनि बजेट वक्तव्य बोलेको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी पर्यटन प्रवर्धन कार्यक्रम उद्योग तथा आपूर्ति क्षेत्रमा वन तथा वातावरण तथा विज्ञान प्रविधिको क्षेत्रमा सडक तथा पुल हाम्रो दायित्व र सरकारको दायित्व, भवन तथा आवास र सहरी विकास, ऊर्जा तथा विद्युतीकरण, सिचाई तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ, शान्ति सुरक्षा तथा संचार, विपत व्यवस्थापन, सुशासन तथा शासकीय क्षेत्र, आयोजना व्यवस्थापन, यो पहिलो चौमासिक अवधिमा सम्पूर्ण प्रक्रिया पूरा गरी कार्यान्वयनमा जाने कुरा, यो यसरी बजेट वक्तव्यमा यी कुराहरु समेटिएका छन् । मलाई लाग्छ, एकदम उच्च जनवादको आधारमा यो बजेट वक्तव्य आएको छ किनभन्दा खेरि हामीले देख्यौ हाम्रो आर्थिक मामिला तथा योजना मन्त्रीले हामीलाई घण्टौ

छलफल गराएर, के छ अहिलेको बजेटमा हामीले कुन कुरा कुरालाई प्राथमिकता दिनुपर्छ भनेर । मलाई लाग्छ हामी १५ मिनेट भन्दा कम कोही पनि बोलेनौ माननीयहरु । हामी सबैले आफ्नो मत राखेर एउटा उच्च जनवादको आधारमा यो बजेट आएको छ । समग्रमा एकदमै राम्रो खालको वजेट वक्तव्य आएको छ । जनताको अभिभावक प्रदेश सरकारका हो । गण्डकी प्रदेश सरकारको जनताको अभिभावक यही गण्डकी प्रदेश सरकार भको हुनाले अभिभावकले पूरा गर्ने भूमिका जो सरकारले पूरा गरेको छ र, बजेट वक्तव्यमा त्यही हिसाबले सम्बोधन भको छ भन्ने मैले महसुस गरेको छु र अहिले हामी संघीयताको पहिलो अभ्यासमा छौं । हामीले यो आफ्नो कार्यकाल अथवा हामी संस्थापक भको हिसाबले हामीले कसरी आफ्ना कामहरुलाई अगाडि लानपर्छ भन्ने कुरा मलाई लाग्छ सरकारले राम्रोसँग बुझेको छ र एउटा गण्डकी प्रदेशलाई एउटा सुखी प्रदेश र यहाँको जनतालाई एउटा सुखी जनता बनाउने त्यो भन्दा अरु उद्देश्य छैन । यही उद्देश्य एकमात्र उद्देश्य यही उद्देश्य बोकेर बजेट आएको छ । यसकारणले गर्दा खेरि यो बजेट वक्तव्यमा हाम्रो पार्टीको तर्फबाट एउटा पूर्ण समर्थन रहेको कुरा म जानकारी गराउन चाहन्छु ।

र यहाँ थुप्रै माननीयज्यूहरुले आफ्नो कुराहरु राखी राख्नु भएको छ । यहाँ मैले देखेको कुरा के हो भन्दा खेरि यहाँ आपत्ति गर्नुपर्ने केही कुराहरु मैले देखेको छैन । आपत्ति त्यतिखेर गर्नुपर्छ, जति खेर यो प्रदेश सरकारले अथवा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले त्यो मन्त्रालयबाट यो प्रदेशलाई हामीले समृद्ध प्रदेश बनाउन्नौं भन्यो भने त्यहाँ आपत्ति मान्ने हो । यहाँ त आपत्ति मान्नुपर्ने विषय मैले देखि राखेको छैन र सरकारले यति बजेट ल्यायो भनेर भन्यो भन्ने कुरा त्यो पनि मैले त्यति राम्रो सार्थक मानिराखेको छैन । सरकार इमानदारीपूर्वक यो यो ठाउँबाट यस्तरी हाम्रो बजेट आउँछ, यसरी खर्च गर्छौं भनेर इमानदारीपूर्वक बजेट बोलेको छ र यो खानेपानीको सन्दर्भमा मलाई लाग्छ । हामी २५ लाख जनसंख्या भएको यो प्रदेशमा छौं । हाम्रो प्रदेशमा २४ लाख जनसंख्या छ । त्यो हिसाबले खानेपानीको सन्दर्भमा त्यो ९५ योजनाबाट २९ हजार ७ सय धारा निर्माण र २ लाख ७५ हजार जनसंख्या लाभान्वित भएको कुरा यो बजेट वक्तव्यमा आएको छ र त्यसकारणले गर्दाखेरि मलाई लाग्छ प्रदेश सरकार बिस्तारै अगाडि बढिराखेको छ । प्रदेश सरकारले आफ्नो लक्ष्य लिएको छ । एक घर एक

धाराको लक्ष्य लिएर आधारभूत खानेपानीको कुराहरु सबै ठाउँमा पुऱ्याउनेजो लक्ष्य लिएको छ, त्यो लक्ष्य पुग्नको निम्ति प्रदेश सरकार  अगाडि बढेको मैले अनुभूति गरिएको छ र यो बजेट वक्तव्यले मलाई उत्साह थपेको छ र यो जनमुखी पनि छ । जीवन रक्षा गर्ने योजनाका साथ आछ र मलाई लाग्छ, यहाँको यो प्रदेशको म माननीय हूँ भनेर म आफ्नो परिचय दिइरहँदाखेरि गर्वको महसुस हुन्छ किनभन्दा खेरि माननीय मुख्यमन्त्रीज्यू त्यसरी नै लाग्नु भाको छ ।

मन्त्रीज्यूहरु त्यसरी नै लाग्नुभएको छ । त्यसकारणले गर्दाखेरि बजेट वक्तव्य असाध्यै राम्रो छ । मैले थोरैमात्र के सुझाव दिन चाहन्छु भन्दाखेरि यो कार्यान्वयनको पक्षमा हाम्रो किन किचलो भइरहेको छ ? यसमा हामीले अलिकति यो पुँजीगत खर्च बढाउने कुरामा हामीले जोड गर्न पर्छ जस्तो लाग्छ । कार्यान्वयनको सन्दर्भमा मन्त्रालयको सम्बन्धित मन्त्रालयको नेतृत्व गर्ने मन्त्रीज्यूको  समस्या हो या कर्मचारीको हो ? या मौजुदा ऐन कानुनको हो ? यो समीक्षा गर्नपर्छ र कहाँनेर हो ? भन्ने कुरा अब ठोस गरेर जानुपर्छ जस्तो मलाई लाग्छ ।

सबै क्षेत्रमा समानुपातिक एवं सन्तुलित बजेट वितरणमा जोड गर्नुपर्छ जस्तो लाग्छ । विगतका आर्थिक वर्षहरुमा रकम विनियोजन गरेका कतिपय योजनाहरुप्रति विवरण शुन्य भएको पनि मलाई अलि अलि आभाष हुन्छ । ती कामहरुलाई हामीले अलिकति अगाडि बढाएर लान पर्छ जस्तो लाग्छ । यसैगरी विकास निर्माणको निम्ति आवशयक सूचकहरुलाई आधार मानेर योजना तर्जुमा ध्यान दिनुपर्ने, महिला, जनजाति, दलितहरुको कार्यक्रमलाई ठोस गरेर जानुपर्छ जस्तो लाग्छ र यो सहिद परिवार बेपत्ता परिवारको लागि  आवश्यक अवस्था हेरी समग्र विकास र संरक्षणको लागि समेत योजना बनाइ लागू गर्नुपर्ने सुझाव दिंदै यो बजेट वक्तव्यमा मेरो एउटा पूर्ण समर्थन भएको एउटा जानकारी गराउँदै म बिदा हुन चाहन्छु ।  धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री मनबहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय श्री सावित्रा राना ।

**माननीय मनबहादुर गुरुङ**

माननीय सभामुख महोदय, माननीय सभामुखसँग अनुमति लिँदै, आज मलाई अत्यन्तै खुसी लागिराखेको छ, त्यसकारणले म आफ्नो विचार राख्नु भन्दा पहिला आफ्नो परिचय दिन मन लाग्यो ।

गण्डकी प्रदेशको राजधानी, जहाँ अन्तर्राष्ट्रिय एयरपोर्ट छ, त्यो मेरो क्षेत्र हो । जहाँ पोखरा रंगशाला बनिसकेको छ, त्यो मेरो क्षेत्र हो । जहाँ स्वास्थ्य विज्ञान प्रतिष्ठान छ, त्यो मेरो क्षेत्र हो । त्यतिमात्र होइन, सभामुख महोदय, गुरुङहरुको उद्गमस्थल क्होलासोथार मेरो क्षेत्र । सबैभन्दा संसारको सबैभन्दा गहिरो ताल हिमताल भएको ताल पनि मेरो क्षेत्र हो । त्यतिमात्र होइन, नेपालको सबैभन्दा सामुदायिक, उत्कृष्ट सामुदायिक विद्यालय पनि मेरो क्षेत्र र उच्च विद्यालय पनि मेरो क्षेत्र हो । त्यतिमात्र होइन, आज कोरोनाको तपाईको गण्डकी प्रदेशको आइसोलेसन भएको क्षेत्र पनि मेरो क्षेत्र हो ।

मैले यो किन प्रसंग जोड्न खोजेको हो भने सभामुख महोदय, सात राज्यहरु आज ३४ करोड बजेटको छलफलमा हामी चिन्तित छौ । र, म भ्रममा नपरेको हो भने आज ९२ करोड वा करिब करिब १ खरबको बजेटमा छलफल गर्ने सहभागी एउटा अवसर पाएँ । त्यसकारण त्यो ९२ अरब मेरो क्षेत्रमा कति परेको छ भन्ने कुरा पनि अलिकति बसेर हिसाब किताब गर्नुपर्छ भन्ने लाग्या छ, सभामुख महोदय ।

माननीय सभामुख महोदय, हामी बजेटको छलफलमा छौं । विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा टेकेर नीति तथा कार्यक्रममा टेकेर त्यतिमात्र होइन, सभामुख महोदय, माननीयज्यूहरुको सुझावलाई आधार मानेर आज यो बजेट आएको छ । मेरो विचारमा यो बजेटमा शंका मान्नुपर्ने, आशंका गर्नुपर्ने मैले देख्दिनँ । विधिसम्मत् आएको छ । त्यतिमात्र होइन, सरसर्ती हेर्दा ६ वटा उद्देश्य ८ वटा प्राथमिकतामा टेकेर यो बजेट आएको छ । मेरो विचारमा प्राथमिकता तय गर्ने कुरामा कमजोरी भएको जस्तो लाग्दैन । उद्देश्य तय गर्ने कुरामा दृष्टिकोण ल्याउने कुरामा मेरो विचारमा नेपालको नेताहरु, नेपालका कर्मचारी साथीहरु, संसारमा मेरो विचारमा परीक्षा दियो भने कमजोर हुँदैन होला भन्ने मलाई लाग्छ त्यसकारणले म यो विषयमा धेरै टिप्पणी गर्नु छैन । धेरै राम्रो बजेट आएको छ । असाध्यै राम्रो बजेट आएको छ । कोरोना भाइरस महामारी रोकथामको लागि बजेट विनियोजन गरेको छ। स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको छ। शिथिल भएको अर्थतन्त्रलाई गतिशील र थप चलायमान बनाउन खोजिएको छ ।

त्यतिमात्र होइन, कोभिड-१९ का कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका युवाहरुलाई स्वरोजगार बनाउनका लागि बजेटको व्यवस्थापन गरिएको छ। उत्पादनमा जोड दिइएको छ। जस्तै मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँ जस्ता महत्वपूर्ण कार्यक्रम आएको छ । अनुत्पादक मगनी र खर्चमा कटौती गरिएको छ । यहाँभन्दा के राम्रो हुन सक्छ सभामुख महोदय । यो बजेटलाई समर्थन गरिएन भने के को पक्षमा बोलिएन भने साँच्चिकै रुपमा म अन्याय ठान्छु । त्यसकारण अत्यन्तै महत्वपूर्ण असाध्यै राम्रो छ सभामुख महोदय । मलाई यसो भनिराख्दा विधिसम्मत आएको छ, नीतिसम्मत् आएको छ, कानुनसम्म आएको छ, माननीयहरुको सुझाव सहित आएको छ । यो केले पुष्टी गर्छ भन्दा खेरि, प्रदेशको गौरवको सडकको आयोजना । एक निर्वाचन क्षेत्र, एक सडक । रणनीतिक महत्वको सडक । स्थानीयको केन्द्र जोड्ने सडक । यति राम्रो कार्यक्रम आएको छ । ०५४ सालमा, ०५१ सालमा तत्कालीन नेकपा एमालेको अध्यक्ष नौ महिना सरकारले वृद्धभत्ताको कार्यक्रम ल्यायो, आफ्नै गाउँ आफै बनाऔं भन्ने ल्यायो । धेरै टिका टिप्पणी गऱ्यौं धेरै आलोचना गऱ्यौं तर अन्त्यमा, सधैं भरि वर्षैपिच्छे प्रत्येक आर्थिक वर्ष पैसा थपेर नै जानुपर्ने भयो, सभामुख महोदय, त्यसकारण यो बजेट मेरो विचारमा प्राथमिकता तय गर्ने कुरामा, उद्देश्य तय गर्ने कुरामा कमजोर छैन जस्तो लाग्छ त्यसकारण मेरो तर्फबाट धेरै धेरै बधाई छ, धन्यवाद छ शुभकामना छ।

त्यति हुँदाहुँदा पनि सभामुख महोदय, मलाई एउटा, हिजो एक जना विद्धान माननीयको बडो तपाईको मीठो तरिकाले तपाईको आफ्नो विचार राख्ने क्रममा केही कुरा राखेर जानु भयो । मलाई स्मरण गर्न मन लाग्यो, मैले उत्तर दिन खोजेको पनि होइन । प्रश्न गर्न खोजेको पनि होइन, यो बजेट पिपलको पात होइन भने बरको पात हो कि भन्नुभयो । तर म पिपलको पात पनि होइन हजुर, बरको पात पनि हुनुहुँदैन हजुर, पातै हुनुपर्छ भने बाँसको पात हुनुपर्छ हजुर । सभामुख महोदय, बाँसले खान पनि दिन्छ । जिउन पनि दिन्छ । लाउन पनि दिन्छ, सास फेर्नलाई पनि तपाईको राम्रो गर्छ यसकारण यो बस्न पनि दिन्छ । यो बजेट, पातै हुनुपर्छ भने बाँसको पात भइदिओस् सभामुख महोदय, पातै हुनुपर्छ भने बाँस हुनुपर्छ महोदय । गाउँघरमा एउटा उखान छ, बाँसले सबै कुरा बन्छ, हलो मात्रै बन्दैन तर आज हलो पनि बन्छ भन्ने प्रमाणित भइसकेको छ, सभामुख

महोदय त्यसकारणले म यो बजेट बाँस हुनुपर्छ भनी जोड दिन चाहन्छु सभामुख महोदय ।

अर्को कुरा, सभामुख महोदय, अलिकति कुराहरु यो सरकारलाई सुझाव दिन मन लाग्यो । यो हेर्दा नदेखिने, समाजमा खोज्दा नसक्ने, मार्न नमिल्ने, र औषधी उपचार गर्न पाइने, यो संसार यति छिटो चार महिनामा परिवर्तन भयो, यसकारण म यो सरकारलाई के अनुरोध गर्न चाहन्छु भने कोरोना भाइरस त ड्याङ ड्याङति मान्छे मार्दै हिड्यो । सभामुख महोदय, यो सरकार खोला र खोल्सामा पनि देख्न पाउँ, कोरोना भाइरसले झै छिटो छिटो तपाईको विकास गर्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।

सभामुख महोदय, मलाई स्मरण गर्न मन लाग्यो, दक्षिण कोरियाबाट केही कुराहरु सिक्न मन लाग्यो । आजभन्दा ६० वर्ष अगाडि १९६० साल विश्वयुद्ध र गृहयुद्धको कारणले चपेटामा परेर त्यहाँको प्रतिव्यक्ति आयदर ७० डलर थियो । कति छिटो विकास गरेर १९८० मा प्रतिव्यक्ति आय डलर त १० हजार पुग्यो । त्यतिमात्र होइन, १९९७ मा आर्थिक बन्दी भयो । देश हलचल भयो । कोरियाली जनताले आफूसँग भएको सुन २७० टन जम्मा बनाएर सरकारलाई आर्थिक सुधार गर्ने कुरामा सहयोग गऱ्यो। आज दक्षिण कोरिया विश्वको सबैभन्दा औद्योगिक क्षेत्रमा अगाडि गएको छ । नेपालीहरुको कर्म क्षेत्र नै बनेको छ । त्यतिमात्र होइन, यस्तो कोरोना महामारीको बेलामा पनि देश एक ढिक्का भएर तपाईको निर्वाचन सम्पन्न गरिसकेको छ। कोरोना भाइरस त कता हो कता गयो ।

त्यसकारणले हामी सबै एक भएर यो कोरोना महामारीलाई दक्षिण कोरियाबाट पाठ सिक्दै, जापानबाट पाठ सिक्दै, अष्ट्रेलियाबाट पाठ सिक्दै, न्युजिल्याण्डबाट पाठ सिक्दै ठूलो कुरामा गर्न चाहन्नौं, अमेरिकाको कुरा गरिराख्ने, चाइनाको कुरा किन गरिराख्ने, बेलायतको किन गरिराख्ने ? छिमेकी देश साउथ कोरियाको कुरा गर्दा राम्रो हुन्छ कि भन्ने लागेको छ, सभामुख महोदय त्यसकारण सभामुख महोदय, यो सरकार सबै कुरा राम्रो छ, सबै कुरा राम्रो हुँदाहुँदा पनि प्राथमिकता तय गर्दा गर्दा पनि उद्देश्यहरु तय छनोट गर्ने कुरामा पनि कार्यान्वयन पक्ष किन फितलो भयो ? किन परिणाम दिन सकेन ? यो परिणाम देख्ने तरिकाले तपाईको अगाडि बढ्न सकोस् । यही शुभकामनाका साथ आफ्नो विचार राख्ने अनुमति चाहन्छु ।

**माननीय सभामुख**

माननीय श्री सावित्रा रानालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय विष्णुप्रसाद लामिछाने ।

**माननीय सावित्रा राना**

माननीय सभामुख महोदय, यस गरिमामय सदनमा असार १ गते आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङद्धारा प्रस्तुत २०७७/०७८ को बजेट वक्तव्यमाथिको छलफल ३ दिनदेखि निरन्तर जुटिरहेका छौं । यो विषम परिस्थितिमा पनि अत्यन्तै मेहनतका साथ दिगो विकासलाई आत्मसाथ गर्दै आशाको दियो जगाउने गरी जनउत्तरदायी बजेट पस्किनुभएकोमा आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ र प्रदेश सरकारप्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्न चाहन्छु ।

विकास र समृद्धिको मेरुदण्ड बजेट निर्माण गर्दा नेपालको संविधान, नेपाल सरकार गण्डकी प्रदेश सरकारको कानून, पञ्चवर्षीय योजना र दिगो विकासका लक्ष्यलाई आत्मसाथ गर्दै आर्थिक वर्ष ०७७ र ०७८ को नीति कार्यक्रम, विनियोजन विधेयकको २०७७ को सिद्धान्त र प्राथमिकताको जगमा टेकेर यसको आधारमा यो बजेट आएको छ । आज विश्व कोरोना भाइरसबाट आहात बनेको बेला, हामी पनि यो महामारीको चपेटामा छौं । विदेशी मुलुकहरुबाट फर्किनेहरुको संख्या बढेसँगै संक्रमितहरुको संख्या पनि बढिरहेको छ । कोरोना भाइरस रोगको रोकथाम, व्यवस्थापन र उपचार सरकारको कामको प्राथमिकतामा रहेको छ । नागरिकहरुको जीवन रक्षा र स्वास्थ्य सुरक्षा, सरकारको दायित्व सरकारको दायित्व हो । यही दायित्व बोधको साथ सरकारले स्वास्थ्यको विभिन्न क्षेत्रमा बजेट विनियोजन गरेको छ। बजेटको पुस्तकको २६ नम्बर बुँदामा कोरोना रोगको रोकथाम र अझ न्यूनीकरणका लागि ६० करोड ४० लाख बजेट विनियोजन भएको छ । सरुवा रोग अस्पताल स्थापना र संचालन गर्न विशिष्टीकृत अस्पताल निर्माणका लागि बजेट विनियोजन भएको कुरा आफैमा महत्वपूर्ण छ । जटिल र जोखिम अवस्थामा रहेको गर्भवती सुत्केरी महिला, नवजात शिसुको उद्धार कार्यक्रम निरन्तरतामा आएको छ । शिशु बालबालिका, किशोरी अपाङ्गता भएका व्यक्ति गर्भवती र बहुक्षेत्रीय पोषण सुधार कार्यक्रमका लागि बजेटले सम्बोधन गरेको छ । प्रदेश भित्रका सबै जिल्ला

अस्पताल र धौलागिरी अस्पतालको स्तरोन्नति आँखाको उपचार सेवा, ज्येष्ठ नागरिक उपचार, मिर्गौला पीडित बिरामीको लागि डाइलोसिस सेवा संचालन, मिर्गौला र मुटु रोगको लागि विशिष्टीकृत उपचार सेवाका लागि समेत बजेट विनियोजन भएको छ । स्वास्थ्य क्षेत्रमा भएको यो बजेट विनियोजनले सरकार जनताको स्वास्थ्यप्रति उदासिन भयो भन्नेहरुको लागि सरकार जनताको स्वास्थ्यप्रति गम्भीर छ भन्ने कुरा व्यवहारिक रुपमै पुष्टि गरेको छ ।

सभामुख महोदय, कोरोना भाइरसका कारण संकटमा परेको अर्थतन्त्रलाई गतिशील बनाउने, करको दायरालाई फराकिलो बनाउने, आन्तरिक श्रोतहरुको जेनेरेट गर्ने कुरा बजेट वक्तव्यले बोलेको छ । स्रोत र साधनको अधिकतम् उपयोग गर्दै वितरणको माध्यमबाट प्रदेशका हरेक क्षेत्रहरुको विकास निर्माणलाई अगाडि बढाउँदै समाजवाद उन्मुख, आत्मनिर्भर अर्थतन्त्र, राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नेमा यसको आधारशीला तय गर्नेतर्फ निर्देशित गरेको यो बजेट यसर्थ पनि यो बजेटप्रति मेरो पूर्ण समर्थन रहेको कुरा निवेदन गर्न चाहन्छु ।

सार्वजनिक खर्चलाई पारदर्शी, मितव्ययी र उत्तरदायी बहन गर्ने आर्थिक सुशासन र वित्तीय सुशासन कायम गर्ने कुरा बजेट वक्तव्यले बोलेको छ । यो राम्रो पक्ष हो । यसलाई अलि कडाइका साथ लागु गर्दा राज्य सफलताको एउटा महत्वपूर्ण कडी बन्न सक्छ । यसलाई कडाइका साथ लागु गर्ने र गराउने कुरामा सरकार निर्मम बन्नुपर्छ। यो मैले सुझावको रुपमा राख्न चाहन्छु ।

सभामुख महोदय, छलफलको सन्दर्भमा केही माननीयज्यूहरुको टिप्पणी सुनियो । बजेट परम्परागत र पुरानै निरन्तरतामा आएको छ । हो उहाँहरुले भन्नु भएको छ, सरकार अविछिन्न उत्तराधिकार हुन्छ, उसका दायित्वहरु हुन्छन् । प्रदेश सरकार आफ्नो स्थापनाकालदेखि नै आफ्नो लक्ष्य निर्धारण गरेको छ । समृद्धि प्रदेश, सुखी जनता बनाउने यसका लागि कार्यका केही योजनाहरु छन् । सरकारले भनेको छ, सबै पालिकाहरुलाई सडक संजालसँग जोड्ने, आधारभूत खानेपानी व्यवस्थापन गर्दै जनताको घरदैलोमा खानेपानीको धारो पुऱ्याउने उज्यालो प्रदेश निर्माणका लागि ऊर्जा विकास गर्दै बिजुली नपुगेको ठाउँमा बिजुलीको उज्यालो पुऱ्याउने। जनताका खेतहरुमा सिँचाइ पुऱ्याउने जस्ता कामहरुको सुरुआत गरेको छ । यो काम सम्पन्न गर्ने दायित्व सरकारको हो ।

यी कामहरु जादुको छडी जस्तो आजको भोलि छुमन्तर गर्दै एकै छिनमा एकै दिनमा सम्पन्न हुने पनि छैन । सबै जुटेर जतिसक्दो छिटो सम्पन्न गर्नका लागि लाग्नुपर्छ । यी कामहरु सम्पन्न हुँदा नहुँदासम्म योजनाहरुले निरन्तरता पाउनुपर्छ । यसर्थ यो बजेट केही नयाँ सहित निरन्तरतामा आएको छ । यसर्थमा यसलाई परम्परागत भन्न पनि सकिन्छ मिल्छ होला । मैले यसरी बुझेको छ। यहाँहरुले भनेको टिप्पणीलाई दिगो विकासका लागि बजेट निरन्तरतामा आउने कुरा औचित्यपूर्ण छ भन्ने मैले ठानेको छु ।

सभामुख महोदय, कृषिको क्षेत्रको विकासका लागि एक पालिका एक उत्पादन कार्यक्रम। अन्नबाली फलफूल, नगदेबाली, तरकारी पशुपंक्षी तथा मत्स्यपालन कार्यक्रम। मुख्यमन्त्री वातावरणमैत्री नमुना गाउँ कार्यक्रमको निरन्तरतासँगै कृषि क्षेत्रका कार्यक्रमहरुमा भएको बजेट विनियोजनले उत्पादन र उत्पादकत्वमा वृद्धि हुने र स्वरोजगारीको सिर्जनासँगै खाद्यान्नमा आत्मनिर्भरता बढ्दै जानेछ भन्ने विश्वास जागृत गराएको छ ।

सभामुख महोदय, पर्यटन क्षेत्र विकासका लागि पर्यटकीय गन्तव्य पदमार्ग, होम स्टे लगायत प्राकृतिक धार्मिक र सांस्कृतिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास कार्यक्रमको निरन्तरता । पर्यटन प्रवर्धन र विकासको लागि बजेटले सम्बोधन गरेको छ । प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण, एक स्थानीय तह एक उद्योगग्राम निरन्तरतामा आएको छ । दिगो वन व्यवस्थापन कार्यक्रम, जडिबुटीको उत्पादन, संकलन र प्रशोधनको लागि बजेट वक्तव्यले बोलेको छ । शिक्षाको क्षेत्रमा गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पूर्वाधार विकास सूचना प्रविधि र विषय र शिक्षण अस्पताल स्थापना, चिकित्सा विज्ञान विषयको अध्ययन र अध्यापनको लागि बजेटले सम्बोधन गरेको छ । आदर्श विद्यालय र नमुना आवासीय विद्यालय उच्च शिक्षा र प्रोत्साहन छात्रवृत्ति कार्यक्रम र प्रविधिमैत्री र शैक्षिक कार्यक्रमले निरन्तरता पाएको छ ।

यी कार्यक्रमहरुले शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम निरन्तर सामाजिक सुरक्षा कोषको स्थापनाको लागि बजेट विनियोजन हुनु राम्रो पक्ष हो । खेलकुदको क्षेत्रको विकासका लागि प्रदेश स्तरीय रंगशाला, जिल्लास्तरीय रंगशाला एक स्थानीय तह एक खेलकुद मैदान । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिने खेलाडीहरुको व्यवस्थापन र प्रशिक्षणको लागि बजेट

विनियोजन भएको छ । पक्कै पनि यो खेलकुदको क्षेत्रमा विनियोजित बजेटले खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ भन्ने कुरा मैले महसुस गरेको छ ।

सभामुख महोदय, दलित, युवा, दलित, महिला श्रमिक साना किसान, असहाय तथा अपांगता भएका व्यक्ति गरिब तथा विपन्न सिमान्तकृत अल्पसंख्यक र पिछडिएका वर्ग र क्षेत्रको उद्यमशीलता र विकासका लागि बजेटले सम्बोधन गरेको छ । बजेट आवश्यकता र यथार्थताको धरातलमा टेकेर आएको छ । बजेटले सम्बोधन गरेका कार्यक्रमहरु संचालन हुँदा सही ढंगले समयमा नै खर्च गर्न सक्दा अर्थतन्त्र चलायमान हुनेछ । आर्थिक वृद्धिदर बढ्नेछ । रोजगारीको सिर्जना हुनेछ । समृद्ध प्रदेशको निर्माणमा ईँट्टा थपिनेछ भन्ने मैले विश्वास लिएको छु ।

सभामुख महोदय, मैले सुझावको रुमा दुई वटा कुरा राख्न चाहन्छु । समग्र बजेट राम्रो आएको छ । यसको कार्यान्वयनको पक्ष महत्वपूर्ण हो । विगतका दिनमा कार्यान्वयनलाई हेर्दा कार्यान्वयनको पाटो चुनौतीपूर्ण देखिएको छ । कर्मचारीको अभाव खड्किएको छ । विकास निर्माणका प्रोसश र प्रक्रिया लामो र झन्झटिला छन् । प्रक्रियागत व्यवस्थापन कर्मचारीको व्यवस्थापन मिलाउँदै विकासका निर्माणका कामले गति बढाउनुपर्छ यो सुझावको रुपमा राख्न चाहन्छु ।

सभामुख महोदय, बास्केटमा रहेको बजेटको विनियोजन अलि ढिलासुस्ती। विनियोजनमा ढिलासुस्ती देखिएको छ। ढिलासुस्ती हुनुको कारणको निराकरण गर्दै यसको विनियोजन र कार्यान्वयन समयमै गर्ने व्यवस्था मिलाउनका लागि आग्रह गर्दै मेरो भनाइ अन्त्य गर्दछु नमस्कार  अभिभादन ।

**माननीय सभामुख**

माननीय श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु । यसपछि माननीय श्री मीनप्रसाद गुरुङ ।

**माननीय विष्णुप्रसाद लामिछाने**

सभामुख महोदय, हामी यतिबेला आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्यमाथि छलफल गरिराखेका छौं । यो हेर्दा किताब सानो छ तर यो किताबभित्र गण्डकी प्रदेश

ती जनताले जसले यस वर्ष हाम्रो लागि प्रदेश सरकारले के ल्याउँदै छ भनेर आशा गरेर बसेका तमाम जनताको भविष्य समेटिएको छ । मैले धेरै यसपटक अध्ययन गरे, यो पुस्तक । अस्ति मन्तव्यकै बेलामा बजेट प्रस्तुत भएकै बेलामा सुने, सुनेपछि लाग्यो यो कति पानीमा छ भन्ने कुरा मैले बुझे । मैले त्यति अध्ययन गर्न लागिन । नीति र कार्यक्रम खुब अध्ययन गरेँ । मलाई लाग्यो साँच्चै नै सरकारले त्यहाँ भएका कमीकमजोरीहरु सुझाव दियो भने त्यसलाई समेटेर कार्यक्रममा बजेटमा ल्याउन सकिन्छ कि भनेर साँच्चै नै सुझाव खोजेको होला भनेर मैले खुब मेहनत गरेर अध्ययन गरे र सुझाव पनि दिने का मभो । मलाई लाग्छ, त्यो सुझाव सायद प्रतिपक्षले भनेको हो यो विरोधै हो भनेर रद्दीको टोकरीमा गयो होला मलाई थाहा भएन । किन भन्दा साच्चै नै सुझाव, सही सुझाव छ भने त्यो चाहे सत्तापक्ष अथवा प्रतिपक्ष, जसले दिएको भए पनि सुझाव ग्रहण गदो यो प्रदेशको लागि राम्रो हुन्छ भन्ने लाग्छ । हामीले दिने सुझाव भनेको पनि त्यहाँका जनताकै हितमा हो । त्यहाँका जनतालाई मध्यनजर गरेर गर्ने हो । यही क्षेत्रकै यही प्रदेशकै विकासको लागि गर्ने हो । त्यसैले ती सुझावहरु कुन रद्दीको टोकरीमा गए मलाई थाहा छैन । यतिबेला यो गण्डकी प्रदेशका जनताले यो किताबभित्र आफ्ननो भविष्य खोजिरहेका छन् । हामीले तिनका आशा र भरोसाहरुलाई कति जित्न सफल भयौ ? कति सम्बोधन गर्न सफल भयौ ? त्यो सबैभन्दा महत्वपूर्ण कुरा हो । लाग्छ, म यहाँ उभिदै गर्दा, त्यो प्रतिपक्ष उभियो अब । त्यो विरोधै गर्न हो भन्ने लाग्छ । होइन । मैले विरोध पटक्कै गर्दिनँ । मेरो स्वभावले विरोध गर्न पनि जान्दिनँ । म विरोध गर्दै गर्दिनँ । हामीले भन्यौ, अहिलेको यो महामारी यो कोरोनाको महामारी छ । जनतालाई बचाऊ पहिलो प्राथमिकता जनता बाँच्नुपर्छ । आरडिटी फेल भयो । सबै जनताले पिसिआरको सुविधा पाउनुपर्छ । अनि कोरोनाकै कारणले विदेशबाट धेरै दाजुभाइहरु आउनु भाको छ । रोजगार र स्वरोजगारको व्यवस्था गरौं भनेर हामीले भन्यौ । कि त्यो विरोध गरेको हो र सभामुख महोदय । त्यसलाई पनि विरोध गरेको भनिन्छ र ? जनताको हितमा बोलेका कुराहरुलाई विरोध गरेको भनिन्छ र ?

एक महिनेदेखि क्वारेन्टाइनमा बसिराखेको छ अहिलेसम्म उसको रिपोर्ट जाँदैन । कतिदिन बसिरहने त्यहाँ ? आन्दोलन हुन लाग्यो । लौ न सरकारको व्यवस्था गर ति सबै कुराहरु यो बजेट भित्र ल्याऊ भनेर भन्नु विरोध गरेको हो र सभामुख महोदय।

प्रदेशलाई आत्मनिर्भर बनाउनुपर्छ । हामीले पटक पटक भनेका छौं । खै त ? त्यो प्रदेशले आत्मनिर्भर हुने किसिमको बजेट यसमा आउनुपर्दैन सभामुख महोदय ? हामी कही कतै अल्मलिएका छौं । थाहा छ, हामीलाई मुलुक विषम परिस्थितिमा छ । कोरोनाको कारणले परिस्थिति बेग्लै छ तर त्यसो हुँदा हुँदै पनि हाम्रा नियमित कार्यक्रमहरु यो प्रदेशलाई आत्मनिर्भर बनाउने कुरा । दिगो विकासमा जाने कुरा हामीले गर्न पर्दैन र सभामुख महोदय । त्यो पर्दैन या हामीले सुकुम्बासीलाई ती एक धुर जमिन आफ्नै नाममा नहुने सुकुमबासीलाई जग्गाधनी दर्ता पुर्जाको व्यवस्था होस् भन्नु त्यो विरोध गरेको हो र ? जसको आडमा हामी यहाँ छौं । यहाँ जनप्रतिनिधि जनताको आवाज बोल्ने हो । अहिले पनि ती सुकुमबासीको अवस्था त्यस्तै छ । अनि तिनका सबै समेट्नु पर्दैन ? हामीले दिएका सुझावहरु साँच्चै रद्दीको टोकरीमा फाल्न लायकै थिएन त ? होइन, यहाँ आउनु पर्थ्यो कि पर्थेन । कही न कही हामीसँग आशा गरेर बसेका ती जनताले थाहा पाउने परिस्थिति हामीलाई सम्बोधन भयो है भन्ने परिस्थिति आउनु पर्थ्यो कि पर्थेन ?

जनता यो प्रदेशका जनतालाई भोकै नमारौ है । खाद्य भण्डारण गरौ । खाद्य बैंक स्थापना गरौं भनेर भन्नु के यो प्रतिपक्षीको विरोधको स्वर मात्रै हो त ? मैले सबै माननीयज्यूहरुलाई छातीमा हात राखेर एक पटक सोच्न भन्छु । केही सबै कुराहरु प्रतिपक्षको बिरोधको लागि बिरोध हो त ? हामीले जे कुराहरु यहाँ उठाएका छौं विरोधका लागि विरोध भन्दा पनि यी बजेटमा आउनुपर्ने जनतालाई ती जनताको भावनालाई समेट्नुपर्छ भन्ने सोच हो । परिस्थिति बेग्लै छ । विकृति आएको छ । मैले उठाको थे पहिला पनि अब बालबालिकाहरुलाई सुसंस्कृत बनाएर लिएर जाऔं। नैतिकवान बनाएर लिएर जाऔ । यो प्रदेशलाई बालमैत्री प्रदेश बनाउँ भनेर मैले पटक पटक आवाज दिएको छु, अनुरोध गरेको छु । के एउटा बालबालिका सुसंस्कृत हुने नैतिकवान् असल नागरिक भएर निस्कनु विरोध हो त ? त्यसैले यसलाई विरोध नठानिओस् । यो मेरो हातमा एउटा प्रथम पञ्चवर्षीय योजना छ । यसको पेज नम्बर १९ मा यो ६ को विकास लक्ष्य भन्नेमा तिनमा के भनिएको छ भन्दा कोरोला जोमसोम बेनी कुश्मा पोखरा भिमाद दुम्कीबास त्रिवेणी सडक भनेर भनिएको छ । त्यसमा आउँदाखेरि हामीले सुझाव दियौ। नीति र कार्यक्रममा गल्ती भो । पञ्चवर्षीय योजनामा यो छ दुम्कीबास छुट्यो

। त्यो छोडिओस् भन्यौ । फेरि पनि आउँदा यसमा उही अरुणखोला नै आएको छ । कि त्यो दुम्कीबास र त्रिवेणीका जनता होइनन् ।

सभामुख महोदय, त्रिवेणीलाई नवलपुरसँग जोड, नवलपुरलाई गण्डकी प्रदेशको सदरमुकामसँग जोड भन्नु अन्याय हो र ? विरोध हो र ? खै त ती कुराहरु यहाँ आएको ? हाम्रा सुझावहरु के रद्दीको टोकरीमा फाल्ने हो भने त्यसो हो भने त्यो छलफल आवश्यक छैन ।

सभामुख महोदय, हामीले त्यो छलफलमा भाग लिएर खाने त्यो भत्ता जनताको विकासका लागि लगाऔ । त्यो छलफलै बन्द गरौं । जे आउँछ, मज्जाले पचाउँछ भनेजस्तै गरेर पास गरौं, जाऔं सुझाव आवश्यक छैन छलफल आवश्यक छैन भन्ने मलाई लागेको छ । सुशासन कायम गर्ने । भ्रष्टाचार मुक्त प्रदेश बनाउने कुराहरु, आउनु पर्‍यो । कहाँ के भएको छ । हामी गमक्क परेका छौं । मख्ख परेका छौँ। अघिल्लो वर्षको सात अरब हामीले राख्यौ भनेर दङ्ग परेको छौं । मलाई कताकता आफैलाई लाज लागेको छ, प्रदेश सभाको सदस्यको नाताले। हामीले जनताको लागि छुट्टाइएको बजेट, खर्च गर्न सकेनौँ । कहाँ नेर कमी कमजोरी छ । कहाँ नेर कमी कमजोरी । १०/१० महिना ठेक्का पट्टामा जाँदैन । ३ वर्षसम्म लगातार एउटा बजेट पर्छ। वातावरणीय प्रभाव मूल्याङ्कन हुन सक्दैन अनि हामीले काम गरेका छौ भनेर भनेका भरमा जनताले पत्याउँछन् । हामीले जनताले पत्याउने काम गर्न जरुरी छ । त्यसमा को कहाँ नेर दोषी छ, छलफल गर्नुपर्छ हेर्नुपर्छ । कामै नगर्ने योजना त जति हाल्दा पनि हुने भो नि। के भोर भनी यो र अघिल्लो वर्षको अहिले आउँछ। त्यसो भएपछि हामीमा कमी कमजोरी छ।

कमी कमजोरीलाई कमी कमजोरी भन्न सिकौँ । हामीले सेतोलाई कालो र कालोलाई सेतो होइन । जे छ यथार्थ त्यही कुरा गरौं भन्ने मात्रै अनुरोध कार्यान्वयनको पक्ष यति फितलो भाको छ , दोष कसलाई दिने ? म कसैलाई दोष दिनै चाहन्नँ । त्यस्ले त्यस्ता कुरामा ध्यान दिऔं । किसानहरुलाई सुपथ मूल्यमा मल बिउ दिऔं। मजदुर गरिबहरुको बारेमा बोलौ भन्ने कुरा महिला आदिवासी जनजाति दलित अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बोधन गरौँ भन्ने कुरा विरोध हो र सभामुख महोदय । यदि ती सबै निमुखा जनताको बारेमा बालिरहँदा आवाज उठाइरहँदा विरोध ठानिन्छ भने म सधै विरोध गर्न तयार छु

। म जनप्रतिनिधि हो त्यो जनताको विश्वास लिएर आएको छ । म प्रति आशा गरेको छ, मेरो जिल्लाको मेरो क्षेत्रको जनताले । यदि साँच्चै नै ती दलितको पक्षमा ती गरिबको पक्षमा ती आदिवासी महिला, आदिवासी अपाङ्गता भएका व्यक्तिहरुको पक्षमा बोल्दै गर्दा यसो गरौँ भनेर सुझाव दिदै गर्दा यदि विरोध ठानिन्छ भने मेरो काम विरोधै हो । होइन भने विरोध नठानिओस् भन्दै अलिकति एउटा खुसी लाछ । मेरो क्षेत्र नवलपरासीको उत्तरी क्षेत्र अदुवा र बेसार हुने क्षेत्र सम्मानीय प्रधानमन्त्रीजीले बडा यसलाई प्राथमिकता दिनु भएको छ, शायद त्यो बजेटमा त्यो अदुवा र बेसारको लागि पनि थप बजेट आउँछ होला भन्ने विश्वास दिलाउँछु  धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय श्री मीनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय दिलमाया रोका मगर ।

**माननीय मीनप्रसाद गुरुङ**

माननीय सभामुख महोदय, हामी आज आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्वारा प्रस्तुत गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७७ / ०७८ को वार्षिक बजेट अर्थात राजस्व र व्ययको वार्षिक अनुमान माथिको महत्वपूर्ण छलफलमा भाग सहभागी भइरहेका छौँ ।

हामी अहिले कोभिड-१९ को महाव्याधिबाट आक्रान्त छौँ । असामान्य अवस्थामा र यो विषम परिस्थितिलाई सम्बोधन गर्ने गरी दिगो विकासको लक्ष्यहरुलाई आन्तरिकरण गर्दै गर्दै नेपाल सरकारको १५ औं योजनाका लक्ष्यहरुलाई र त्यस्तै गरी गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, बजेटका सिद्धान्त, प्राथमिकता र सरकारको नीति तथा कार्यक्रम यी सम्पूर्णबाट निर्देशित रहेर बजेट आएको छ ।

सभामुख महोदय, समृद्ध प्रदेश निर्माणको लागि सिमित स्रोत र साधनका बाबजुद पनि क्षेत्रगत रुपमा यो बजेटले पूर्णता पाएको म ठान्दछु । हाल अप्रत्यासित महाव्याधिको नियन्त्रण र उपचारदेखि प्रदेश गौरवका योजनाहरुसम्म सम्पूर्ण रुपले समेट्दै जुन बजेट १ देखि १७६ धारामा बुँदाहरूमा उल्लेख छ, यसको म पूर्ण समर्थन जनाउँदै यसमा उल्लेखित बुँदाका बुँदागत छलफलहरु, माननीय सदस्यज्यूहरुले धेरै व्याख्या गरिसक्नु

भएको छ, बुँदागत रुपले म केही विशेषताहरुलाई यहाँ उल्लेख गर्ने सभामुख मार्फत् अनुमति चाहन्छु ।

बजेटले रैथाने प्रजाति र बिउहरुको संरक्षण गर्ने कुराहरु, जुन ज्यादै महत्व राख्दछ र प्रवर्धन गर्दै व्यावसायिक कृषि उत्पादनलाई बजारीकरण गर्ने अनि यस्तै गरेर केही कृषिमा रोजगारहरुको सिर्जना गर्ने र यसरी रोजगार र उत्पादनलाई संरक्षण गर्दै, प्रति आयातलाई प्रतिस्थापन गरेर आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रतर्फ उन्मुख यो बजेटले निर्देशित गर्छ भन्ने लाग्छ । त्यतिमात्र होइन, प्रत्यक्ष प्रभावित पर्यटन क्षेत्र, सायद त्यो उद्योगहरु यातायात यी क्षेत्रलाई पनि संरक्षण गर्ने कुरा र अरु वन वातावरण यी सम्पूर्ण विषयहरुलाई सम्बोधन गर्दै विकासको एउटा संवाहकको रुपमा रहेको भौतिक पूर्वाधार सडक पुल खानेपानी यस्ता कुराहरुमा पनि पर्याप्त बजेट यो बजेटको चाहिने विशेषता हो भन्ने मलाई लाग्छ। त्यतिमात्र होइन, सभामुख महोदय, प्राकृतिक र सांस्कृतिक ऐतिहासिक सम्पदाको पनि  संरक्षण गर्दै बालबालिका युवा बेरोजगार अपाङ्ग यी सम्पूर्ण असहाय दलितहरु देखि लिएर सहिद द्वन्द्व पीडित यी सम्पूर्ण ज्येष्ठ नागरिक सम्मनलाई त्यो बजेटले कही न कही सम्बोधन गर्ने प्रयत्न गरेको छ । सामाजिक र सांस्कृतिक संवेदनालाई सम्मान गर्दै त्यो बजेटले एउटा महत्वपूर्ण निर्णय गरेको छ। मलाई लाग्छ, यो एउटा आयामिक निर्णय हो । भगत सर्वजित सिप विकास कार्यक्रम जुन छुट्टै महत्व राख्छ भन्ने मलाई लाग्छ ।

दीर्घकालीन रुपमा समय सापेक्ष । शिक्षालाई गुणात्मक सुधार गर्दै साथै मध्यम र उच्चस्तरीय प्राविधिक जनशक्तिको उत्पादन गर्ने कुरामा जोड दिदै छात्रवृत्ति लगायत विभिन्न माध्यमबाट शिक्षामा आधारभूत वर्गको पनि त्यहाँ पहुँच पुग्ने कुराबाट त्यसको सुनिश्चितता यो बजेट मार्फत पाएको छ । त्यतिमात्र होइन, हामीले संविधानतः जुन खाले ३ खम्बे अर्थनीति भनेर हामी त्यो अन्तर्गत हाम्रा अर्थव्यवस्थालाई निर्देशित गरिरहेको छ , त्यो मानेमा अहिले हामी प्रदेशको विकास निर्माणको कुरा गरिरहँदा खेरि निजी र सहकारीलाई पनि यो बजेटमा साझेदार बनाउने कुरामा पनि यो बजेटले निर्देशित गरेको मैले पाएको छु । त्यस्तै गरेर जनताको एउटा नैसर्गिक अधिकार सरकारको दायित्व भएको, जुन स्वास्थ्यको क्षेत्र छ, यसलाई प्रदेशले गम्भीर रुपमा एउटा दीर्घकालीन रणनीतिक अख्तियार गरेको मैले पाएको छु । जुन अन्तर्गत जुन यो महाव्याधिले जो

हामीहरु पुर्खाले भन्ने गर्थे, दशा बाजा बजाएर आउँदैन । साँच्चै नै विपत्ति बाजा बजाएर आउँदैन भने जस्तै त्यो महामाव्याधि जसरी अहिले अप्रत्यक्ष रुपमा आयो, त्यसै गरेर अहिलेको कोभिड-१९ को मात्र समाधान होइन, दीर्घकालीनरुपमा यस्ता महाव्याधीहरु यस्ता विपत्तिहरु परिरहन्छन् र स्वास्थ्य क्षेत्रमा अहिले भइरहेको स्थितिले त्यो सामना गर्न या जेति हामी बहस छलफलहरु सरकारको असफलता र सफलताका कुराहरु, या भूमिकाका कुराहरू माथि प्रश्न चिन्ह उठाइरहेका छौं यी सम्पूर्ण कुराहरुलाई दीर्घकालीन रुपमा समाधान गर्नको लागि मलाई लाग्छ, सरकारले त्यो रणनीति अख्तियार गर्दै भोलिका दिनहरुमा ती चुनौतीहरुलाई सहजतापूर्वक सामाना गर्ने र साँच्चै नै जनउत्तरदायी र सरकार छ तर सरकारले साँच्चै नै हाम्रो संविधानतः जसरी एउटा जनताको स्वास्थ्य र शिक्षालाई नैसर्गिक अधिकार मानेको छौ, त्यो नैसर्गिक अधिकारलाई सम्बोधन गर्ने गरी, त्यो शिक्षा स्वास्थ्य भनेको जनताको नैसर्गिक अधिकार हो र, त्यो राज्यको दायित्व भन्ने कुराको अनुभूत गर्ने किसिमबाट यो बजेटले भोलिका बाटाहरु कोर्ने कुरा अहिले गरेको म ठान्दछु।

त्यतिमात्र होइन, कोभिड-१९ कै सन्दर्भमा हामी कुरा गरिरहने बेलामा, गण्डकी प्रदेशले जे जसरी अहिले छलफल उठिराछन्, त्यो म त्यो विषयमा सहमत रहन नसकेको कुरा सभामुख मार्फत अनुरोध गर्न चाहन्छु किनभन्दा हामीले देख्यौँ, चालू वर्षमै पनि लगभग पौने अरब बजेट चाहिने विभिन्न शीर्षक अन्तर्गत कोभिडलाई चाहिने रोकथाम, नियन्त्रण र उपचारको क्रममा सरकारले खर्च गरिसकेको, मलाई लाग्छ, यो बजेटको शीर्षकको चाहिने ८ नम्बरबाट यो स्पष्ट हुन्छ, त्यसो भएको हुनाले जसले सरकार संवेदनशील र उत्तरदायी छ भन्ने देखाउँछ, त्यतिमात्र होइन, विकास निर्माण र आर्थिक क्रियाकलापहरुलाई पनि सँगै जाने प्रयत्न गर्नुपर्छ भनेर गण्डकी प्रदेश पहिलो प्रदेश होला, जसले चाहिने के त भन्दा कोभिडको रोकथाम, उपचार र नियन्त्रणको लागि लकडाउन, या चाहिने यो बन्दाबन्दी कुनै एउटा अस्त्र होइन, त्यो केवल ढाल मात्रै हो र यसका अरु विकल्पहरु वैकल्पिक उपायहरु सरकारले संचालन गर्नुपर्छ र नागरिकले त्यसमा सहभागिता हुनुपर्छ भनेर सरकार अघि बढिरहेको छ बढिरहेको हामी पाउँदछौ।

सभामुख महोदय, तसर्थ राजनीतिक कोभिडको उपचारसँगसँगै अरु विकास निर्माणका कार्यक्रमहरु सँगसँगै लैजानुपर्छ र आर्थिक क्रियाकलापलाई अगाडि बढाउन लैजानुपर्छ

भनेर यो सरकारले त्यो माध्यमबाट या त्यो आधारबाट अगाडि बढिरहेको हामी पाउँदछौं । राजनीतिक स्थिरता सुखद हुँदो रहेछ सभामुख महोदय, तर यो आर्थिक स्थिति र स्थिति, स्थिरता पेचिलो बन्दो रहेछ जो हामीले महसुस गरिराखेका छौ । क्षेत्रगत रुपमा यो छुट्यो भनेर भन्न चाहिने मेरो अल्पज्ञानले मैले भेटेको छैन। जे जसरी हामीहरु यो सदनमा जसरी छलफल गरिराखेका छौ, विद्धान माननीयहरुले भन्नुभएको, विभिन्न उपमाहरु सम्बोधन भएको, जुन सम्मानित सदनमा मैले असहजता महसुस गरेको छु । सभामुख महोदय, साँच्चै नै बिटुलो मन, बक्रचच्छुले जब हामी रामायण पढ्छौं भने मलाई लाग्छ, सीताको जोई खोज्नलाई हामीलाई गाह्रो हुन्छ । सीताको जोईमात्र होइन, हामी शंकै शंकामा लंका पिट्दै, लंका जलेर केवल हामी खरानी मात्र हाम्रो हात पर्ने निश्चित छ । त्यसो भएको हुनाले मलाई लाग्छ, यो प्रदेशको विकासको लागि संघीयतालाई संस्थागत गर्ने कुरा, र हामी यो चाहिने नयाँ परिवेशमा समृद्ध प्रदेश र सुखी नागरिक बनाउने एउटा बाधक हुन्छ । सभामुख महोदय, आर्थिक मामिला तथा निश्चय नै आर्थिक मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको यो बजेटमा जसरी मैले निवेदन गरे, क्षेत्रगत पूर्णता भए पनि बजेटको पर्याप्त नहोला । यो चाहिने साँचो हो ।

कार्यान्वयनको चुस्तताको खाँचो अझै पनि टड्कारो छ । हाम्रो जस्तो सानो आकारको अर्थतन्त्र, र निर्देशित बजेटको लागि यो चुनौतीको विषय हो । प्रदेशको पञ्चवर्षीय योजनाले मलाई लाग्छ, हामी सबैले हाम्रा आत्मा छ त्यो १० खरब माथिको बजेटको माग गर्छ । जसमा प्रदेशको वार्षिक बजेट सम्भवतः २ खरब भन्दा माथि हुनु पर्थ्यो तर अहिले तीन वटा आर्थिक वर्षको बजेटहरु गरिरहँदा पनि गाह्रोसँग १ अरबको घेरामा छौं । बजेट भन्नासाथ आर्थिक स्रोतलाई निर्धारण गर्ने विधि पनि हो । जसले सरकारको नीति तथा कार्यक्रमलाई पूरा गर्न आर्थिक स्रोतको व्यवस्था गर्छ, तसर्थ स्रोतको सुनिश्चितता प्रदेश सरकारका लागि स्वभाविक चुनौतीको विषय पनि हो । यसको खोजी गर्नु आवश्यक छ । जहाँ सम्म ३४ अरब ८४ करोड र २१ लाख ८६ हजारको अनुमानित बजेट छ, सात अरब चाहिने हामीहरु न्युन ९ अरब बजेटमा १ अरब चाहिने आन्तरिक ऋण र १ अरब जुन हामी नेपाल सरकारसँग ऋण मागेका छौ, त्यो चाहिने त्यति अस्वभाविक हो भन्ने मलाई लाग्दैन । सुशासन पारदर्शिता लगायत, बजेटको साँच्चै नै यो १३९ बुँदामा त माननीय सभामुखज्यु, तसर्थ यो १३९ बुँदालाई हामी ध्यान दिएर गयौं भने सरकारको

बजेटको सफलता र असफलता मात्रै होइन, कि सरकारकै सफलता र असफलतासँग जोडिएको छ र यसले कार्यान्वयन होस् अन्त्यमा चाहिने बजेट सन्तुलित छ । अघिल्ला वर्षको अनुभवले यो परिस्कृत हुँदै आएको छ र यो बजेटलाई कार्यान्वयन गरेर साँच्चै नै जे जति छलफलहरु भएका छन्, तिनका निराकरण गरेर जनताको अपेक्षा, आशा र भरोसालाई सम्बोधन गर्न सफलता रहोस्, म यो बजेटको पूर्ण सफलताको सायद सरकारलाई ।

**माननीय सभामुख**

माननीय श्री दिलमाया रोका मगर गौतमलाई छलफलमा भाग लिन समय दिन्छु, त्यसपछि माननीय श्री इन्द्रधारा बिस्ट ।

**दिलमाया रोका मगर गौतम**

माननीय सभामुख महोदय, विश्वव्यापी कोरोना महामारीका कारण उत्पन्न असामान्य परिस्थितिका बीच गण्डकी प्रदेश सरकारका तर्फबाट यस गरिमामय सभामा आर्थिक मामिला तथा योजनामन्त्री माननीय किरण गुरुङद्वारा प्रस्तुत आर्थिक वर्ष ०७७/०७८ को बजेट वक्तव्य माथि छलफलमा सहभागी हुँदै गर्दा यो सम्मानित सभामा आफ्ना भनाइहरु प्रस्तुत गरिरहँदा मैले के अनुभूति गरेको छु भने जनप्रतिनिधिले नागरिकका भावनालाई नीति निर्माण र निर्णय प्रक्रियामा प्रतिबिम्बित गर्नु निर्विकल्प कर्तव्य हो। नागरिकका आवाज र दृश्यका प्रतिबिम्ब पनि हो र राष्ट्र नागरिक र राज्यप्रतिको गहन उत्तरदायित्व पनि उत्तिकै हुन्छ । गहन हुन्छ र सबै माननीयज्यूहरु उत्तरदायी हुनुहुन्छ भन्ने यो गरिमामय सभामा छलफलमा जुटिरहँदा मैले पाएको छु ।

सभामुख महोदय, यति बेला हामी बजेट वक्तव्य माथि गम्भीर छलफलको क्रममा छौं। बजेट वक्तव्यलाई हेर्दा भाषाशैली सुन्दर र व्यवस्थित ढंगले आएको छ । वर्तमान अवस्थामा बजेट सन्तुलित छ र अहिलेको आवश्यकता नागरिकका भावना र समस्यालाई सम्बोधन गरेको छ । सबै क्षेत्र समेटिएको छ । पुराना योजनाहरुले निरन्तरता पाएका छन् भने केही नयाँ योजनाहरु समेटिएका छन् । हामीलाई थाहा छ , परिस्थिति बदलिएको छ र हाम्रा प्राथमिकताहरु पनि बदलिएका छन् । यसरी हेर्दा समग्रमा यो बजेट निकै मेहनतका साथ सुन्दर ढंगले प्रस्तुत गरिएको छ । यसको लागि म माननीय अर्थमन्त्रीज्यू

र गण्डकी प्रदेश सरकारलाई हार्दिक आभार तथा धन्यवाद ब्यक्त गर्दछु ।यो बजेट आफैंमा सुन्दर सुन्दर छ र म यसको बुँदातर्फ अंगतिर जान चाहन्न । समग्रमा यसको कार्यान्वयनमा जाँदा बजेट निर्माण र वितरणले सिंगो गण्डकी प्रदेशको बहुआयमिक गरिबी ग्रामीण क्षेत्र, पिछडिएका वर्ग र समुदायको जीवनको दिशा बदल्नु पर्छ । यसका लागि माननीय अर्थमन्त्रीज्यूको जिम्मेवारी र उक्तले मात्र यो परिवर्तन सम्भव छैन । सबैले आफ्नो ठाउँमा उत्तिकै जिम्मेवार र उत्तरदायी बहन गर्न जरुरी छ । यसको प्रभावकारी कार्यान्वयनले अवश्य पनि परिवर्तन सम्भव हुन्छ हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

सभामुख महोदय, वित्तीय सुशासन राज्यको मेरुदण्ड हो । सुशासन राज्यको मात्र नभएर एउटा असल नागरिकको समेत प्राण हो । यसर्थ सुशासन राज्य सञ्चालनमा एउटा चाहिने ओखती मात्र नभएर व्यक्ति परिवार र समाजका लागि समेत रोग प्रतिरोध प्रतिरोधात्मक क्षमता पनि हो । त्यसैले जहाँ सुशासन हुन्छ, त्यहाँ अमानवीय भ्रष्टाचार, अनैतिक एवं गैरकानुनी क्रियाकलाप स्वतः न्युनीकरण भएर जान्छ त्यसैले सुशासनसहितको आर्थिक समृद्धि हासिल गर्न, सरकार, जनप्रतिनिधि, नागरिक र राज्यका सबै निकायको उतिकै जिम्मेवारी र आत्मसात गर्नु जरुरी छ ।

सभामुख महोदय, यो बजेट वक्तव्यमाथि आफ्नो विचार र बुझाइहरु प्रस्तुत गरिरहँदा २ वटा विचारहरु मुखरित भइरहेको मैले देखिरहेको छु । यो सम्मानित सभामा बायाँतिर बस्ने हामी सत्ता पक्षका माननीज्यूहरु, यो बजेटको प्रशंसक जस्तो र बायाँतिर बस्ने माननीयज्यूहरु यसमा कम भएको कमीकमजोरीहरु अंश र शब्दमा खोजिरहेको मैले अनुभूति गरिरहेकी छु । मलाई के लाग्छ भने लोकतन्त्र आफैमा गतिशील प्रणाली हो। लोकतान्त्रिक राज्य व्यवस्थाको सौन्दर्य भनेको नीति प्रधान शासन नै हो । वास्तवमा संघीयतापछि विकासले नयाँ मोडलका साथ अगाडि बढिरहेको छ । कुनै पनि विकासका कामले पूर्णता पाउने कुरा समय लाग्ने कुरा हामीलाई विदितै छ । मुख्य कुरा सरकारले बोलेको र प्रतिबद्धता गरेको कुरा गम्भीरतापूर्वक लिएको छ कि छैन भन्ने कुरा प्रमुख हुन्छजस्तो मलाई लाग्छ । गण्डकी प्रदेश सरकारले विगतमा लिएको एक निर्वाचन क्षेत्र एक सडक लगायत भौतिक पूर्वाधार निरन्तरताको निरन्तरताको कुरा कोरोनासँग जुँध्नको लागि लिएका योजना, कृषि उत्पादन र र पर्यटन क्षेत्रको प्रर्वद्धन र विकास शान्ति सुरक्षा सूचना तथा संचार र विपद् व्यवस्थापन लगायतका महत्वपूर्ण सबै क्षेत्रमा सीमित स्रोत

साधनको बीचबाट व्यवस्थापनबाट समेटेको कुरा छर्लङ्गै छ । यसरी हेर्दा अझै पनि हाम्रा दृष्टिकोण नबलिँदा कतै दृष्यमा बदलाव आएन कि भन्ने मैले महसुस गरिरहेकी छु ।

किनभने, जुन हाम्रो नीति तथा कार्यक्रम र बजेटले नागरिकका भलाइ गर्छ । उनीहरुको आवश्यकता र भावनाको सम्मान गर्छ । वास्तवमा त्यही नै समाजवादी दृष्टिकोण तथा नीति कार्यक्रम हो जस्तो मलाई लाग्छ । त्यसको साथै हामी सबैले आफ्नो विगतलाई पनि भुल्नुहुँदैन भन्ने पनि मलाई लाग्छ । प्रतिपक्षमा बस्ने प्रतिपक्ष र सत्तापक्ष वास्तवमा कसैको पनि स्थायीत्व हो जस्तो लाग्दैन । यसर्थ पनि मैले प्रतिपक्षमा बस्ने हाम्रा माननीयज्यूहरुले र र हामी सबैले हाम्रा हिजोका विगतलाई पनि भुल्नु हुँदैन । प्रतिपक्षमा बस्ने माननीयज्यूहरुले सरकार संचालन गर्दा देशलाई केके दिइयो ? सुशासन कस्तो थियो ? र विकास निर्माण के कति भएका थिए भन्ने कुरा आत्म समीक्षा गर्नुपर्छ सभामुख महोदय ।

गण्डकी प्रदेश सरकारले वर्तमानमा उत्पन्न कोरोनाको कहरसँगै यहाँको नागरिकको रक्षाको लागि स्वास्थ्य क्षेत्रको सुदृढीकरण गर्छु भन्नु यस्तै शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै सामाजिक न्यायिक न्यायिकसहितको व्यवसायिक सहितको सीपमूलक रोजगारी सहितको विनियोजन बजेटको विनियोजन गर्नु अन्याय हो र ? यस्तै गरी कृषि क्षेत्रको उत्पादन वृद्धि गर्नु, महिला दलित लगायत पछाडि पारिएका समूहको आर्थिक सामाजिक राजनीतिक र सांस्कृतिक सशक्तीकरण तथा लैंगिक समानताको लागि बजेटको विन्यास गर्नु न्यायोचित थिएन त ? हिजो हिजो भइरहेका योजनाहरुलाई सम्पन्न गर्न अधुरा कामहरुको निरन्तरता दिनु आवश्यकता थिएन र ? भइरहेका आायेजनाहरु सम्पन्न गरी परिणममा ल्याउनु सरकारको कमजोर पक्ष हो ।

यसर्थ, एकातिर बजेटको आकार बढ्दै गयो भन्नु र अर्कोतर्फ शीर्षगत बजेट बजेटमा अंग कम पऱ्यो भन्नु आफैमा विरोधाभाषपूर्ण भएन र ?

सभामुख महोदय,

गण्डकी प्रदेशको दिगो विकासका लागि सिमिति स्रोत  साधनको व्यवस्थापन र यसका कठिनाइका बाबजुद यो असामान्य अवस्थामा आएको बजेट वक्तव्य आफैंमा सफलता हो । बाँकी प्रभावकारी कार्यान्वयनले यसको सुन्दरता प्रस्तुत गर्नेछ । यति भनिरहँदा हामी

प्रशंसकमात्र भएका छैनौ, यसमा भएका कमि कमजोरीहरु नमिलेका र छुटेका विषयवस्तुमा आफ्ना बुझाइ र सुझावहरु पनि राख्दैै आएका छौं ।

सभामुख महोदय,

यसमा मैले आफूलाई आफूले लागेका बुझाइ र समस्याहरु सुझावको रुपमा राख्ने अनुमति चाहन्छु। सर्वप्रथम मलाई लागेको हाम्रो नीति नीति आयोजना कार्यान्वयनका लागि यस्तो प्रभावकारी कार्यान्वयनका लागि प्रणालीगत सुधार आवश्यकता रहेको मैले अनुभूति गरेको छु । यदि यसो नगर्ने हो भने विकास र समृद्धिको कुरा ओझेलमा पर्दै जाने खतरा पनि मैले अनुभूति गरिरहेको छु ।

खासगरी, कृषि तथा भूमि सुधारमा मैले पटक पटक भन्दै पनि आउने गरेको छु । गरिबी नघटनाइकन अवश्य पनि समृद्धि हासिल गर्न सकिदैन। भूमिहीनका समस्या सम्बोधन गरी र खासगरीका समस्या सम्बोधन गरी निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक र प्रविधि मैत्री उत्पादनको विकास गरी साना किसानलाई विशेष अनुदान र व्यवसायिक फर्महरुलाई सफ्ट लोनको व्यवस्था गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना गरी स्थानीय तह र प्रदेश सरकारको समन्वयमा बजार व्यवस्थापनले ग्यारेण्टी गर्नु पर्छ भन्ने पनि मैले सुझाव राख्न चाहन्छु ।

त्यसै गरी अहिले शिक्षित युवा बेरोजगारको संख्या पनि बढ्दो रुपमा गरिरहेको छ । वर्तमान अवस्थामा युवा पुस्ता स्खलित र भ्रमित अनैतिक र कर्तव्य विमुख बन्दै गएको पनि देखिन्छ । यसले राष्ट्र निर्माणको ऐतिहासिक अभिभारा पूरा गर्न कही न कही चुकेको छ । यस्तो व्यवस्थापनमा यो बजेट वक्तव्य बोल्नुपर्छ भन्ने पनि मैले राख्न चाहन्छु ।

त्यसै गरी, नेपालको राजनीतिक इतिहासमा भएका कठोर संघर्षलाई पार लगाउन, जसले चट्टानलाई चुनौती दिएर लक्ष्यलाई साकार पार्न आफ्नो जीवनको बलिदानी गरी ती सहिदका परिवार र घाइतेका परिवारको लागि बजेटमा परिणाममुखी हुनुपर्छ भन्ने पनि मैले आफ्नो सुझावमा व्यक्त गर्न चाहन्छु र यति भन्दै अन्त्यमा, यो बजेट वक्तव्य तथा नीति कार्यक्रम जुन स्प्रिटका साथ आएको छ त्यसैगरी नागरिकको इच्छा र आवश्यकता सम्बोधन गर्न सरकार कहिल्यै नथाक्ने घडी जस्तो सेकेण्ड सेकेण्डमा परिणाममा लिने गतिशिल भई यो आर्थिक ०७७/० ७८ को सरकारले लिएको सबै क्षेत्रको आयोजनाको

कार्यान्वयन पक्ष कोरोनाको कहरसँगै सवल र सफल रहने छ । विगतको विरासतबाट हैन, नयाँ उचाइका साथ बजेट पास भएका दिनपछि कार्यान्वयनले पूर्णता पाउने छ र परिणाममुखी हुनेछ भन्ने पनि मैले विश्वास लिएको छु।

सभामुख महोदय, कुनै पनि क्रिया पछाडि सकारात्मक र नकारात्मक दुबै पक्ष हुन्छन्। सारमा हामी सकारात्मक गतिलाई आत्मसात गर्न जरुरी हुन्छ । परिवर्तन परिणामतः हामी समृद्ध समृद्धिको बिन्दुमा पुग्न सकिन्छ । यसर्थ, गण्डकी प्रदेश र सिंगो मुलुकको समृद्धिको लागि सकारात्मक सबै सकारात्मक बनौं । गण्डकी प्रदेश समृद्ध हाम्रै प्रयास र सफलताबाट सम्भ्व हुनेछ भन्दै अन्त्यमा यस गरिमामय सभामा आफ्ना भनाइ र विचारहरु राख्ने समय उपलब्ध गराउनु भएकोमा माननीय सभामुखज्यू प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै मैले आफ्नो भनाइ यही अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री इन्द्रधारा बिस्टलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय श्री कुमार खड्का ।

**माननीय इन्द्रधारा बिस्ट**

सभामुख महोदय, आज हामी यो गरिमामय सभामा, अस्ति मिति २०७७ असार १ गते आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूले प्रस्तुत गर्नुभएको गण्डकी प्रदेशको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्य माथि तेस्रो दिनको छलफलमा सहभागी भइरहेका छौं ।

सभामुख ज्यू,सर्वप्रथमतः, म हृदयदेखि नै आर्थिक मामिला तथा योजना मन्त्रीज्यू र उहाँको टिमलाई धन्यवाद अनि बधाई भन्न चाहन्छु किनकि यो समय परिस्थिति भनेको मैले व्याख्या गरिराख्नुपर्छ जस्तो लाग्दैन । सँगसँगै बालुवालाई पेलेर तेल निकालिराखेको अवस्था छ । यो आर्थिक वर्षको अझ पनि बजेट । खासै के राम्रो, आउँला र ? भन्ने आँकलन गर्नेहरु पनि धेरै थिए । मलाई पनि यस्तो नलागेको होइन। अर्थमन्त्रीज्यू त्यो रोस्टमबाट बजेट प्रस्तुत गरीरहँदा म त्यहाँबाट सुनिरहँदा कतै म सपना त छैन ? भइरहेको थियो ।

जब मन्त्रीज्यूको प्रस्तुति सिद्दियो र हामीले गेटमा यो नीलो किताबलाई लिएँ । अनि घर पुगें । र यस्सो मुखरित भएर यो किताबलाई पल्टाइ पल्टाइ अध्ययन गरें र तब मलाई महसुस भयो । यो किताब त पक्का आकाश जस्तै विशाल रहेछ । र, हाम्रो गण्डकी प्रदेशवासीको लागि छनकको रुपमा प्रस्तुत भएको महसुस भयो । र, त्यसैले म र मेरो दल साथ र समर्थन र पूर्ण धन्यवाद पनि दिन चाहन्छु ।

सभामुखज्यू, यो नीलो किताब अर्थात आर्थिक वर्ष २०७७/०७८को बजेट वक्तव्य आकाश झै विशाल छ । किनभने नेपालको संविधान संघीय सरकार र गण्डकी प्रदेश सरकारको कानुन दिगो विकासका लक्ष्यसहित पंचवर्षीय योजना, मध्यकालीन खर्च संरचना, प्रदेश सरकारको नीति तथा कार्यक्रम विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता, संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट सरोकारवालाहरुको सुझाव। तपाई हाम्रो पनि सुझाव ।

यो प्रदेशवासीको आवश्यकतालाई आदर र मध्यनजर गरी यो बजेट वक्तव्य आएको प्रस्ट देखिन्छ । त्यतिमात्र कहाँ हो र ? अहिलेको विषम परिस्थितिलाई मध्यनजर गरी प्रदेशवासीलाई कोभिड-१९ बाट जोगाउन र बचाउन बुँदा बुँदामा स्वास्थ्य क्षेत्रमा बजेटले समेटिएको छ र, कोरोनाको असरले मारमा परेको प्रदेशवासी व्यवसायीहरुको निम्ति, व्यवसायी जीवनरक्षा कोषको लागि बजेट छुट्टाएको छ । रोजगारी अभिवृद्धि गर्न, स्थानीय स्रोत साधन परिचालन गरी सेवा र उत्पादनको योजना र कार्यक्रमहरुमा केन्द्रित भएको म देख्दछु । संघीयतालाई आत्मसाथ गरी संघीय सरकारको बजेट वक्तव्यलाई आदर मानिएको देखिन्छ र स्थानीय तहलाई समेत वित्तीय समानीकरण अनुदान यो विषम परिस्थितिमा पनि गत वर्ष झैं विनियोजन गरेको देखिन्छ । त्यसले के महसुस हुन्छ भने यो प्रदेश सरकार च्यात्ने कैची हैन, सिलाउने सियोको रुपमा प्रस्तुत भएको प्रस्ट हुन्छ ।

सभामुख महोदय, यो ३ दिनको छलफलमा साथीहरुको भनाइ राख्दा यो भएन, त्यो भएन, यो हुनुपर्ने, त्यो हुनुपर्ने भन्ने छक्क पर्छु । कतै मैले पढेको नीलो किताब र साथीहरुले पढेको कतै फरक त छैन ? मैले पढेको यो नीलो किताब आकाश जस्तै विशाल छ । मैले हेर्दा नि नीलो विशाल, तपाईले हेर्दा नि नीलो विशाल, धनीले हेर्दा नि नीलो विशाल र गरिबले हेर्दा नि नीलो विशाल । महिला दिदीबहिनीहरुले हेर्दा पनि नीलो विशाल र पुरुष दाजुभाइले हेर्दा खेरि पनि नीलो विशाल देखिन्छ किनभने यो बजेट वक्तव्य बाटो

हेरेर हिडेको छ। हेरेर खर्चको अनुमान गरेको छ । ओदान हेरेर भाडो चढाएको छ । अझै बुझ्ने गरी भन्नुपर्दा घाँटी हेरेर हाड निल्नु भन्छ नि त्यसैले यो बजेट वक्तव्य समय सान्दर्भिक छ र अति उत्तम छ ।

सभामुखज्यू, अगाडिको साथीहरुको भनाइ सुनिराख्दा यो बजेट वक्तव्य झुठको खेती हो। कार्यकर्ता पोषण गर्ने बजेट हो भनिराख्दा मलाई के लाग्छ भने विगत तीन चार वर्ष अगाडिको कुरा याद आउछ । चर्को छ ट्याक्टर बाटो कच्ची खाल्डा र खुल्टी । यति हल्लाउँथ्यो कि अहिले बाटो ग्राभेल र पिच चढ्ने जिप र बस । अझै त्यो बाटो समयको समयको फिलिङ भनौ या भ्रम । सललल । जिप बस चढ्दा पनि कहिलेकाही त्यो हल्लाइको महसुस हुन्छ । त्यो त विगतमा लामो समय हल्लिदै हिडेको बानी मनमस्तिष्कबाट आउट नभएको कारण महसुस मात्र हो  तर ढुक्क हुन यो सरकारको गतिलाई हेर्दा अब केही सालमा रेलमा सललल हिड्ने हुन्छौं ।

सभामुख महोदय, यो कुरामात्र एउटा कुरामात्र डाउट थियो । त्यो हो, जेठमा उठ्ने, असारमा दौडिने र श्रावण नलाग्दै सुत्ने धेरै अगाडिदेखिको चलन थियो । तर यो नीलो किताब अर्थात आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यले त्यो डाउट पनि बुँदा नम्बर १४९ ले व्यवस्थापन गरेको पाउँदा यो बजेट वक्तव्य सुनमाथि सुगन्ध सावित भएको छ र त्यसैले र मेरो दल साथ समर्थन रहेको जानकारी गराउँछु ।

अन्त्यमा, सभामुख महोदय, हामी हिमाली वासीहरुको थोरै अनुरोध के छ भने क्षेत्रहरुमा हिउँदे याममा झण्डै ४ महिना हिउँ र अति जाडोको कारणले हरेक कामकाजहरु ठप्प हुने र आर्थिक वर्ष जुन असार मसान्त आर्थिक मसान्त त्यस क्षेत्रमा सहज कम गर्ने बेला भएकोले त्यस क्षेत्रहरुमा आर्थिक वर्ष कात्तिकको महिनामा नीति तय गरी सारिन सकेमा धेरै सहज हुने थियो र  त्यस क्षेत्रको हरेक कामकाजहरुमा ठूलो सहयोग समेत पुग्ने भएको हुँदा सबै हिमाली जनताहरुको तर्फबाट हार्दिक हार्दिक अनुरोध गर्दै यो बजेट वक्तव्यप्रति मेरो र मेरो दल साथ समर्थन रहेको र सफलताको शुभकामना दिँदै बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कुमार खड्का**

माननीय सभामुखज्यू, मध्यमकालिन खर्च संरचना अनुसार यो वर्ष ४३ अर्बको बजेट आउनु पऱ्थ्यो । कोभिड-१९ को कारण व्यूरोक्रेटिक नेतृत्वको कारणले २४ अर्बको हाराहारीमा र पोलिटिकल नेतृत्वले ३० अर्बको हाराहारीको बजेट बताइरहँदा त्यो दुर्भाग्य हुन्छ त्यस्तो गरिनु हुँदैन त्यो आत्मघाती हुन्छ भनेर हामीले सुझाव दिइरह्यौं ।

सौभाग्यवश ३५ अर्बको हाराहारीको बजेट आएको छ । बजेटको आकार नै बजेटको सबैभन्दा सकारात्मक पक्ष मलाई लागेको छ । चालु आवमा आन्तरिक आम्दानी पौने २ अरब मात्र भए पनि लकडाउन आंशिक रुपमा खुल्दै गएर आर्थिक गतिविधि हुन पायो भने चार अर्ब ६० करोडको आन्तरिक राजश्वको लक्ष्य सम्भव छ । अर्थमन्त्रीज्यूको यो अनुमान यथार्थपरक छ भन्ने मेरो अनुभूति छ । चालू आवमै १ अरब ९८ करोडको आन्तरिक ऋणको लक्ष्य भए तापनि एक पैसा पनि चलाउन परेन। आगामी आवमा दुई अरबको ऋण राखिएको छ । यो पनि छुनुपर्छ जस्तो मलाई लाग्दैन तसर्थ घाटा बजेट भयो भनेर धेरै चिन्ता गर्न आवश्यक छ ।

पहिलो चौमासिकभित्र कार्यक्रमहरुको कार्यान्वयनमा जाने व्यवस्था जुन मिलाइएको छ। अब हुमन इररहरु कम गरियो भने बजेट बढ्ने सम्भावना छ तसर्थ बजेटको सर्वाधिक सकारात्मक पक्ष मध्ये एक हो । कोरोनाका कारण मुर्छित उद्योग व्यवसाय जोगाउन टिकाउन सुचारु गर्न व्यवस्था गरिएको एक अरबको व्यवसाय जीवनरक्षा कोष बजेटको सर्वाधिक सर्वोत्कृष्ट सकारात्मक सुन्दर पक्ष हो तर कृषि अनुदान र होमस्टे जस्ता कार्यक्रममा आफ्नो अनुकूल कार्यविधि बनाएर इच्छाएको व्यक्ति र संस्थालाई वितरण गरे जस्तै यो कार्यक्रम सञ्चालन गरिनु हुँदैन । त्यो दुर्भाग्यपूर्ण हुन्छ । अत्यन्त संवेदनशील विषय भएकोले सर्वदलीय संयन्त्र बनाएर यो कार्यक्रमलाई अगाडि लैजान आवश्यक छ ।

सभामुख महोदय, नीति तथा कार्यक्रममा साना र ठूला गरेर कोभिड-१९ बारे गरिएको १६ बुँदा गरिने ११ बुँदा गरी २७ बुँदाको आधारमा सरकार कोभिड-१९ प्रति अत्यन्त संवेदनशील छ भन्ने मुक्तकण्ठको प्रशंसा मुखरित भयो सदनमा । पहिलो त्यही २७ बुँदा दुब्लाएर साढे ३ बुँदा भएर बजेटमा आएको छ । बजेटमा नवीनता भनेकै यो साढे ३

बुँदा हो । अन्य सम्पूर्ण कार्यक्रमहरु पुरानै छन् । दायित्व सिर्जना भएको र निरन्तरतामा जाने कार्यक्रम पुरानै भए पनि राख्न पर्ने र सरकारको बाध्यतालाई बुझ्न सकिन्छ तर अन्य कार्यक्रमहरु कोभिड-१९ लाई केन्द्रमा राखेर पुनः प्राथमिकीकरण गर्ने प्रस्ताव सरकारले अस्वीकार गर्नु दुर्भाग्यपूर्ण छ ।

गण्डकी प्रदेश सरकारले कोभिड-१९ को लागि २ अरब ९१ करोड विनियोजन गर्‍यो भनेर समाचार सर्वत्र प्रशंसित भयो । यो कोभिड-१९ प्रति सरकारको संवेदनशीलता भन्दा पनि डेटासँग खेलेर देखाउनुभएको जादुगरी यो अर्थमन्त्रीज्यूको उहाँले गर्नुभएको न्यास्लोलिजममात्र हो । निर्वाचन क्षेत्र विकास कार्यक्रमको ७२ करोडलाई कोरोना लक्षित कार्यक्रममा राखिएको छ । कति जान्ने सभामुख महोदय झुक्याउन पनि । सांसद विकास कोष भनेर पानी पिपीइ भनेर आलोचना गर्नेले पनि कोरोनाको कोषभित्र लुकाइएको ७२ करोडलाई पनि ताली बजाई बजाई प्रशंसा गरिरहेको देख्दा एकदमै रमाइलोको अनुभूति भाको छ । कोरोनाबाट सम्पूर्ण देश नै प्रभावित भएको छ । बाटो र पुल पनि त्यही कोरोनाबाट प्रभावित भएका मान्छे हिड्ने हुन् । सिचाई तटबन्ध पनि कोरोनासँग लड्नको लागि कृषि उत्पादन उपज बढाउनलाई हो । ऊर्जा खेलकुद उद्यान पदमार्ग पनि कि कोरोना संक्रमित भएका वा कोरोना संक्रमित हुन सक्ने व्यक्तिहरुले प्रयोग गर्ने हो । स्वास्थ्य, कृषि र रोजगारको त कोरोना सँग १३ दिनको सम्बन्ध नै भइहाल्यो । तलव भत्ता पनि त्यही कोरोनाले प्रभावित मान्छेले नै पाउने भइसके पछि यो कोभिड-१९ लक्षित कार्यक्रमका लागि यो २ अरब ९१ करोडको साटो २४ अर्ब ८४ करोड २१ लाख ६० हजार विनियोजन गर्छु भन्नु भएको भए त गिनिज बुक अफ दी वल्ड रेकर्डमा दर्ता दर्ता हुन्थ्यो होला । सम्भव भए नोभेल पुरस्कार पनि पाउने सम्भावना पनि जीवितै हुन्थ्यो होला । त्यो अवसर हामीले गुमायौं। यहाँ देखिएका तथ्यांकहरु तथ्याङक भन्दा मिथ्याङ्कहरु छन् । कोरोनामा सरकारले विनियोजन गरेको प्रत्यक्षरुपमा विनियोजन गरेको भनेको ६० करोड ४० लाख रुपैयाँ हो । अप्रत्यक्ष रुपमा विनियोजन गरेको भनेको २ अर्ब १९ करोड ७६ लाख हो ।

सभामुख महोदय, सरकारले कोभिड-१९ बाट जनतालाई बचाउनको लागि ६० करोड ४० लाख छुट्टाएको छ । जसमध्येबाट उसले के भन्या छ त भन्दाखेरि यो पैसाले म प्रदेशका सबै नागरिकको पिसिआर परीक्षण गर्छु । चाहिने औषधी पनि किन्छु ।

उपकरण पनि किन्छु अनि कोषको पनि स्थापना गर्छु । व्यवस्थित क्वारेन्टाइनको निर्माण र संचालन पनि यही ६० करोडले गर्छु । संक्रमितको उपचारको लागि विशेष अस्पताल र आइसोलेसन कक्षको स्थापना पनि यसैले गर्छु । सबै जिल्ला अस्पतालमा शैया थप्दै आइसियु कक्षको पनि स्थापना पनि यही पैसाले गर्छु भनिरहँदा के हो यो पर्याप्त छ त ? ६ वटा शीर्षकमा ६० करोड ४० लाख छुट्टाएको छ । प्रत्येक शीर्षक यति महत्वपूर्ण छन् कि प्रत्येक शीर्षकले ६० करोड ४० लाख पनि कम हुन्छ ।

अहिलेलाई यति गरौं, बरु अर्को वर्ष गरौला भनेर किस्तामा गर्ने बहुवर्षीय कार्यक्रम पनि होइन सभामुख महोदय यो । यो सबै काम केही हप्ता भित्र गर्ने सकिएन भने केही महिनाभित्र गर्ने काम हो तसर्थ यही चालू आ.व.मा ७१ करोड ६४ लाख कोरोनामा खर्च गरेको यो सरकार आगामी दिनमा ६० करोड ४० लाख खर्च गर्ने कुरा अत्यन्त गलत छ । उद्योग र व्यवसायलाई बचाउन एक सय करोड खर्च गर्न तम्सिने सरकार मान्छे बचाउनलाई साठी करोड मात्र खर्चिएको देख्दा प्रदेशको नागरिकको जीवन रक्षा प्रति सरकारको उदासिनता निन्दनीय छ । बजेटमा सबैभन्दा नकारात्मक पक्ष यो हो। यो बेला नाटकीय गतिविधि गर्ने, प्रचार र आफ्ना कृत्रिम कार्य गरेर अनिल कपुर जस्तो पर्दाको नक्कली नायक बन्नु भन्दा गम्भीर र संवेदनशील हुँदै कोरोनाबाट प्रदेशको रक्षा गर्न मन, वचन, कर्मले मानसिक, शारीरिक, आर्थिक रूपले इमानदार प्रयत्न गरेर जनताको हृदयको असली नायक बन्ने मार्ग अवलम्बन गर्न सभामुख मार्फत सरकारलाई आग्रह गर्न चाहन्छु ।

मनोविज्ञानको क्षेत्रमा एउटा इफेक्ट छ । जसलाई ट्युनिङ टनेरी इफेक्ट भनिन्छ । त्यो इफेक्कबाट सरकार र सरकारको नेतृत्व ग्रसित छ । यसबाट निकास पाओस् । सरकारले रोजगार र स्वरोजगार बनाउन सिप पुँजी र प्रविधि उपलब्ध गराउन १८ करोड ४२ लाख विनियोजन गरेको छ । सरकारी तथ्यांकअनुसार अन्तर्राष्ट्रिय श्रम बजारमा आएको मन्दिका कारण विदेशबाट ६७ हजार ७ सय युवा फर्कन्छन् । यही वर्ष ५० हजार युवाहरु श्रम बजारमा आउँछन् र, अहिले कोरोनाको कारणले गर्दाखेरि श्रम गुमाएकाहरु रोजगार गुमाएकाहरुको अर्का ५० हजारका कुरा गर्ने हो भने यो तपाईको १८ करोड ४२ लाखले एक लाख ६७ जार ७ सय युवालाई सिप पुँजी र प्रविधि उपलब्ध गराउनुपर्ने हुन्छ । एक जनाको भागमा एक हजार ९८ रुपैयाँ ३३ पैसा पर्छ

। तेत्रो धेरै पैसाले कसरी गर्ने होला यो लक्ष्य कसरी प्राप्त हुन्छ ? माननीय अर्थमन्त्रीज्यूले सदनलाई बताउनु हुन्छ होला ।

माननीय सभामुख महोदय, बजेट निर्माताहरुलाई बजेट वक्तव्य वार्षिक विकास कार्यक्रम पुस्तिकामा जे छापिए पनि फरक पर्दैन । सदनबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नभन्दा उहाँहरु मन्त्रालयको कम्प्युटरमा प्रोभिन्स लाइन मिनिस्ट्रि बजेटरियन इन्फरमेसन सिस्टममा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्ने मानसिकतामा हुनुहुन्छ। यही प्रविधिका कारण गत वर्ष झण्डै दुर्घटना भएको थियो । नेपाली कांग्रेसले सदन अवरुद्ध गरेर भए पनि सरकारलाई गम्भीर त्रुटि बारेमा कन्भिन्स गर्‍यो। सरकारले विनियोजन विधेयकमा थप संशोधन प्रस्तुत गरे पछि संकट टर्‍यो । यस वर्ष भने बजेट वक्तव्य पुस्तिकामा केही गम्भीर त्रुटिहरु भएका छन् । यस बारे मैले व्यक्तिगत रुपमा तत्कालै मुख्यमन्त्री कार्यालय र अर्थ मन्त्रालयका जिम्मेवार व्यक्तिहरुलाई जानकारी गराइसकेको छु । माननीय अर्थमन्त्री ज्यूले पनि पुस्तिकामा भएका केही त्रुटीबारे संङ्केत गर्नु भएको छ । आशा गरौं यो आगामी दिनमा सुध्रिएर आउँला । साना सिचाई योजनाको लागि विनियोजन बजेट भनेर लेखिएको २ करोड ४ लाख रकम पूर्णतया गलत छ सभामुख महोदय । ऊर्जामा ३७ करोड ४६ लाख विनियोजन गरेको छ। जब कि ४५ करोड ४२ लाखको लाखको कार्यक्रमको फेहरिस्त तपाईको बजेट वक्तव्य पुस्तिकामै छ । सिँचाईमै १ अर्ब ९१ करोड ६० लाख विनियोजन गर्नुभएको छ । जब कि २ अरब १० करोड ६६ लाखको कार्यक्रम त तपाईले किताबमै उल्लेख गरिदिनुभएको छ । मुख्यमन्त्री जलवायु नमुनामैत्री कृषि गाउँको बारेमा तपाईले ४ करोड ३६ लाखको बजेट बनाउने भन्नुभएको छ , यो जस्टिफिकेसन छैन । चालु आवमै त १६ करोड ८९ लाख खर्च गर्नुभाको छ । चाहे करको दायरा बढाउने नाममा क्षेत्राधिकारहरु मिच्दै ऐनका साना छिद्रमा टेकेर स्थानीय द्धन्द्धको स्थिति सिर्जना हुने, न्यायिक निरुपणको लागि अदालत जानुपर्ने स्थिति आउन नदिन सरकार सचेत र गम्भीर हुनुपर्छ । ऐन बनाइ, नबनाई कर लिनु गलत हुन्छ । कृषि अनुदान होमस्टे लगायतको कार्यविधि बनाएर नगद अनुदान दिएको प्रक्रिया प्रति महालेखाले माननीय सभामुख र सार्वजनिक लेखा समितिको सभापतिलाई ऐन बनाएर मात्र दिनु भनेर ध्यानाकर्षण गराइरहँदा झन् ऐनै नबनाइकिन कर लिने कुरा सर्वथा गलत हुन्छ ।

सभामुख महोदय, नीति तथा कार्यक्रम संसदले पास गरेको हुनाले त्यहाँ उल्लेखित कार्यक्रममा बजेट विनियोजन गर्नु सरकारको लागि बाध्यकारी हुन्छ । त्यसो नगरिए संसदको अपमान हुन्छ । संसदको विशेषाधिकार हनन हुन्छ । खाद्यान्न बैंक बनाउने भनेर नीति कार्यक्रममा पास गरेकोमा बजेटमा किन आउँदैन ? यो कार्यक्रम । ज्याला मजदुरी गरी जीवन गुजारेर राहत दिन्छु भनेको होइन ? सर्वहाराको वकालत गर्ने नेपाल कम्युनिस्ट पार्टीको सरकार बनेको बेलामा धनाढ्यहरुका लागि सुरक्षा कार्यान्वयन बजेट आउन सक्ने । श्रमिकहरुको लागि सर्वहाराको लागि राहत आउन नसक्ने यो दुर्भाग्य छ । डुम्रे बेसिसहर सडक, मनाङ सडक पनि मैले देखिरहेको छैन। नीति तथा कार्यक्रमका बारेमा मलाई कसैले यो सबैभन्दा सकारात्मक पक्ष के हो भनेर सोधेको भए मैले भन्थे, सुपथ कार्ड वितरण अहिलेको सरकारले ल्याएको सबैभन्दा सुन्दर कार्यक्रम हो । एक पैसा त्यो बजेटमा छैन । त्यो कार्यक्रममा छैन। ४२ (घ) मा जीवन बिमामा उपचारमा खटिनेलाई २० लाख दिने भनेर नीति तथा कार्यक्रमले भनेको छ । मैले भने, यो सकिँदैन । यो पाँच / छ अर्बको कार्यक्रम भयो। यसलाई सच्याउनु सुधार्नु भने तर सरकारले मानेन र सदनबाट पास गऱ्यो। अहिले प्रत्येक नागरिकलाई जो कोरोनामा खटिएका उपचारका मान्छेलाई २० लाख दिने भनेर बजेट आउनु पर्थ्यो कि पर्दैन ? अबको वार्षिक पुस्तिकामा त्यो पैसा आएन भने सदनले बजेटलाई कसरी अगाडि बढाउँछ हामीले पनि हेर्नु पर्ने आवश्यक छ ।

तीन वर्ष भित्र प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गर्न २ करोड छुटयाउनु भएको छ । प्रदेश भन्नुभएको हो कि मनाङ भन्नुभएको हो ? यो प्रदेशमा त बाबा ५ लाख ७७ हजार ६८२ परिवार बस्छन् । सबैलाई एकपल्ट आबद्ध गरियो भने त्यो २ अर्ब २ करोड १८ लाख ८७ हजार लाग्छ । एक वर्षको लागत ६७ करोड ३९ लाख ६२ हजार ३३३ हुन्छ । २ करोडमा खर्चने भनेको ५७ सय १४ परिवारलाई मात्र आबद्ध हुन्छन् । यसरी सबैलाई आबद्ध गर्ने हो भने ३ वर्ष हैन, १०१ वर्ष लाग्छ, सभामुख महोदय ।

अन्त्यमा फेरि पनि भन्छु, एक घर, एक पि.सि.आर टेस्ट गर । गुणस्तरीय क्वारेन्टाइन भेन्टिलेटर आइसियुसहित आइसोलेसन हस्पिटल राज्यको दायित्व पूरा गर्न सरकारले आफ्नो पूरा ढिकुटी खर्च गर्न परे पनि एक निभेष योजना आवश्यक छैन । बजेटका

वार्षिक बजेटका विकास बजेटका पैसा रकमान्तर गरेर प्रदेशका जनता बचाउने काममा सरकारले ल्याउने प्रत्येक कदममा नेपाली कांग्रेसले समर्थन गर्छ । अझै बढी सचेत हुनुहोस् । अझै बढी जिम्मेवार हुनुहोस् यही कुरा अनुरोध गर्दै बिदा हुन्छु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २० मिनेटको लागि स्थगित हुन्छ ।